PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्युरो

बबरमहल,काठमाण्डौ,

फोन ०१-५३३९५६९
०१-५३४११७७

## प्रेस विज्ञप्ति-१८

### "नाबालिकाहरुलाई यौन क्रियाकलापमा लगाउने महिला पक्राउ"

नयाँ बसपार्क तथा कलंकी स्थित बिभिन्न होटल गेष्टहाउसहरुमा नाबालिकाहरुलाई ललाई फकाई विभिन्न प्रलोभनमा पारी यौन गतिविधीमा लगाउने गरेको सुचनाका आधारमा ३ जना नाबालिकाहरुको उद्दार गरी उक्त कार्यमा संलग्न एक महिलालाई मिति २०८० मंसीर १४ गतेका दिन नयाँ बसपार्कबाट पक्राउ गरि मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट ०५(पाँच) दिनको म्याद थप गरि आवश्यक अनुसन्धान भईरहेको।

**पक्राउ परेकी अभियुक्त**

- **नाम**:- सपना तामाङ भन्ने पुजा राना।
- **उमेर**:- २५ बर्ष।
- **स्थायी वतन**:- जिल्ला तनहुँ, भिमाद नगरपालिका वडा नं ०२।
- **अस्थायी**:- का.जि.टोखा नगरपालिका वडा नं ०९, नयाँ बसपार्क (काठमाण्डौं) स्थित पश्चिम लुम्बिनी गेष्ट हाउस

**अभियुक्तको फोटो**



## अनुसन्धानबाट खुल्न आएको:-

- अभियुक्तहरुले आर्थिक अवस्था कमजोर भएका, ग्रामीण भेगका कम पढेलेखेका बालिकाहरुलाई धागो कात्ने, घरहरुमा बच्चा हेर्ने, होटलमा सरसफाईको काममा लगाई दिने तथा आकर्षक तलब सुविधा दिने प्रलोभनमा पारि बोलाउने गरेको।
- त्यसरी बोलाईएका नाबालिकाहरुलाई बसपार्क र कलंकी स्थित बिभिन्न होटल तथा गेष्टहाउसहरुमा राख्ने गरेको खुल्न आएको।
- नाबालिकाहरुलाई बिगत १० महिना देखी बिभिन्न डर त्रास देखाई जबर्जस्ती शारिरीक सम्पर्क राख्न बाध्य पार्ने गरेको खुल्न आएको।
- अभियुक्तहरुले निज बालिकाहरुलाई ग्राहक खोजी आर्थिक लाभ लिई अन्य होटल तथा गेष्टहाउसहरु समेतमा पठाउने गरेको।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत संस्था तथा यस ब्यूरो समेतबाट खटिएको टोलीले कलंकी बाट १ जना र नयाँबसपार्क बाट २ जना गरी जम्मा ३ जना नाबालिकाहरुलाई उद्दार गरिएको।
- उद्दार गरीएका साना उमेरका नाबालीकाहरुलाई हाल सुरक्षीत आवासमा राखीएको।
- यस घटनामा संलग्न अन्य प्रतिवादीहरुको खोजतलास तथा थप अनुसन्धान कार्य भई रहेको।

प्रवक्ता
(कृष्ण प्रसाद पगेनी)
प्रहरी उपरीक्षक

मिति:- २०८०।०८।१७ गते।

सम्पर्क नं:-९८५१२८१३३०